U.S. Department of Transportation

# भर्चुअल तथा भौतिक उपस्थिति सार्वजनिक बैठकको घोषणा
# साउथवेस्टर्न पेन्सलभेनिया कमिसन (Southwestern Pennsylvania Commission, SPC) बैठक

जुलाई 31, 2025

बिहान 10:00 बजेदेखि - बिहान 11:00 बजेसम्म

## सहभागी हुनका लागि कृपया यहाँ जानुहोस्:

https://spcregion.webex.com/spcregion/j.php?MTID=m16dd56721b3fc0b51435effbef52d0c2

बैठक नम्बर (एक्सेस कोड): 2337 951 9539

बैठक पासवर्ड: fFkSMCMA337

**फोनबाट जोडिनुहोस्: 1-844-621-3956 संयुक्त राज्य अमेरिका टोल फ्रि**

कृपया साउथवेस्टर्न पेन्सलभेनियामा यातायात योजना प्रक्रियाका बारेमा छलफल गर्नका लागि सार्वजनिक प्रस्तुतीकरणमा संघीय राजमार्ग प्रशासन (Federal Highway Administration, FHWA) पेन्सलभेनिया डिभिजन र संघीय ट्रान्जिट प्रशासन (Federal Transit Administration, FTA) क्षेत्र III सँग आफ्ना विचारहरू साझा गर्नुहोस् । सार्वजनिक बैठक बिहीबार, जुलाई 31, 2025 मा बिहान 10:00 बजे The Terminal Building, Main Commission Room, 42 21st St., Suite 101, Pittsburgh, PA 15222 मा अवस्थित SPC कार्यालयहरूमा आयोजन गरिनेछ ।

साउथवेस्टर्न पेन्सलभेनिया कमिसन (Southwestern Pennsylvania Commission, SPC) भनेको दस-काउन्टी क्षेत्रका लागि आधिकारिक महानगरीय योजना संगठन (Metropolitan Planning Organization, MPO) हो जसमा सिटी अफ पिट्सबर्ग र Allegheny, Armstrong, Beaver, Butler, Fayette, Greene, Indiana, Lawrence, Washington र Westmoreland का काउन्टीहरू पर्दछन् । थप जानकारीका लागि कृपया यहाँ जानुहोस्: https://www.spcregion.org/get-involved/.

सार्वजनिक टिप्पणीहरूलाई तीन तरिकामा साझा गर्न सकिनेछ:

1) भर्चुअल बैठकमा जोडिएपश्चात् कृपया च्याटबक्समा आफ्ना टिप्पणीहरू टाइप गर्नुहोस्;
2) बैठकको क्रममा प्रत्यक्ष रूपमा टिप्पणीहरू उपलब्ध गराउनुहोस्; वा
3) इमेलमार्फत जीन पोरोक्नियाक (Gene Porochniak) लाई eugene.porochniak@dot.gov मा वा टिम लिडियाक (Tim Lidiak) लाई timothy.lidiak@dot.gov मा पठाउनुहोस् ।

यदि सहभागी हुनका लागि तपाईंलाई सहयोग वा विशेष व्यवस्थाहरू आवश्यक पर्छ भने कृपया Ronda Craig लाई भर्चुअल बैठकभन्दा कम्तीमा पनि 3 दिन अगाडि (412) 391-5590, एक्स्टेन्सन 0372 वा rcraig@spcregion.org मा सम्पर्क गर्नुहोस् ।

**यदि तपाईं सो बैठकमा उपस्थित हुन सक्नुभएन भने पनि तपाईंले निम्न ठेगानाहरूमा आफ्ना टिप्पणीहरू पठाएर क्षेत्रमा यातायात योजना प्रक्रियाका बारेमा आफ्ना टिप्पणीहरू उपलब्ध गराउन सक्नुहुन्छ:**

Federal Highway Administration, Pennsylvania Division
c/o Gene Porochniak,
30 North Third Street, Suite 700, Harrisburg, Pennsylvania
17101-1720
eugene.porochniak@dot.gov/ 717-221-4438

वा

Federal Transit Administration, Region III Office
1835 Market Street, Suite 1910, Philadelphia, PA 19103
timothy.lidiak@dot.gov/ 215-656-7084

**सबै टिप्पणीहरू अगस्त 15, 2025 सम्म प्राप्त भइसक्नुपर्छ ।**

*साउथवेस्टर्न पेन्सलभेनिया कमिसन (The Southwestern Pennsylvania Commission, SPC) आफूद्वारा प्रशासित कार्यक्रम तथा क्रियाकलापहरूमा लागू हुने नागरिक अधिकार कानुन, कार्यकारी आदेश, नियम र नीतिहरूका गैर-भेदभावसम्बन्धी आवश्यकताहरू पालना गर्नका लागि प्रतिबद्ध छ । सोहीअनुसार, SPC कार्यक्रमका लाभार्थीहरूले जाति, रङ, राष्ट्रिय मूल, लिङ्ग, उमेर वा अपाङ्गतालाई ध्यानमा नराखिकन सार्वजनिक सहभागिताका अवसरहरू प्राप्त गर्छन् भनेर सुनिश्चित गर्न प्रतिबद्ध छ । अपाङ्गता भएका व्यक्तिहरूको लागि बैठक स्थलहरू पहुँचयोग्य छन् र सार्वजनिक यातायातबाट यी स्थानहरूमा पुग्न सकिन्छ । SPC ले भाषा, बोली, दृष्टि वा श्रवणसम्बन्धी आवश्यकताहरू भएका व्यक्तिहरूलाई सहायक सेवाहरू उपलब्ध गराउनेछ र यी सेवाहरूका लागि बैठकभन्दा 3 दिन पहिले नै अनुरोध गरिएको खण्डमा तिनीहरू उपलब्ध हुन्छन् । स्रोतसाधनहरूले पुगेसम्म SPC ले 3 दिनभन्दा कम समयको सूचना दिएर गरिएका अनुरोधहरू पूरा गर्ने प्रयास गर्नेछ । कृपया सहायक सेवाहरूका लागि आफ्नो अनुरोध SPC सार्वजनिक संलग्नता संयोजक Ronda Craig लाई rcraig@spcregion.org, (412) 391-5590 x0372 मा गर्नुहोस् । यदि तपाईंलाई अपाङ्गताको आधारमा लगायत आफूलाई सहभागिताको अवसरबाट वञ्चित गरिएको छ वा SPC द्वारा प्रशासित कार्यक्रम वा क्रियाकलापहरूको सम्बन्धमा आफूलाई भेदभाव गरिएको छ भन्ने लाग्छ भने तपाईंले हाम्रो उजुरी प्रक्रिया कागजातमा उपलब्ध गराइएका प्रक्रियाहरू प्रयोग गरेर वा (412) 391-5590 x0328 मा फोन गरेर SPC को टाइटल VI संयोजकलाई सम्पर्क गरेर उजुरी दर्ता गर्न सक्नुहुन्छ । थप जानकारी वा उजुरी दायर गर्नका लागि www.spcregion.org/get-involved/title-vi-and-ada-nondiscrimination, www.spcregion.org मा जानुहोस् वा 412-391-5590 मा फोन गर्नुहोस् ।*